त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
**चितवन इन्जिनियरिङ्ग क्याम्पस**
**CHITWAN ENGINEERING CAMPUS**

Bharatpur Metropolitan City - 15
Tel: 977-056-591847
admission.ioecc.edu.np
E-Mail: admission@ioecc.edu.np
भरतपुर महानगरपालिका-१५, रामपुर
फोनः- ०५६-५९१८४७

सूचना नं.: २१/०८३/०८४ मितिः२०८३/०६/१३

# पाँचौं भर्ना सूचि प्रकाशन सम्बन्धमा

त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थान, प्रवेश परीक्षा बोर्डद्वारा मिति २०८३ साल श्रावण महिनामा सञ्चालित बि.ई./बि.आर्क. तहको प्रवेश परीक्षामा उत्तीर्ण भई यस चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुरमा पूर्णशुल्किय तर्फको लागि आवेदन दिने आवेदकहरु मध्येबाट प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा **भर्नाको लागि पाँचौं सूची** प्रकाशन गरिएको छ । आर्किटेक्चर कार्यक्रममा भर्नाको लागि आवेदन दिएका आवेदकहरु मध्येबाट इ.अ.सं. का आंगिक क्याम्पसहरुमा सञ्चालित झुकाव परीक्षामा उत्तीर्ण भएका आवेदकहरु पनि सो कार्यक्रमको भर्ना सूचीमा योग्य हुने भएकोले सोहि अनुरुप सूची प्रकाशन गरिएको समेत जानकारी गराइन्छ ।

भर्ना सूची प्रकाशन गर्दा सकेसम्म त्रुटी नहोस् भनि हरसम्भव प्रयास गरिएको छ । कारणवश त्रुटी हुन गएको पाइएमा दाबी विरोध गर्न सकिनेछ । पूर्व प्रकाशित दोस्रो चरणको भर्ना कार्यक्रम तालिका अनुसार **दाबी विरोधका लागि मिति २०८३/०६/१३ गते दिउँसो ०२:३० बजेदेखि दिउँसो ०३:३० बजेसम्म** यस क्याम्पसको भर्ना समितिको कार्यालय चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुरमा लिखित रुपमा वा क्याम्पसको ईमेलः **admission@ioecc.edu.np** मार्फत दाबी विरोध गर्न सकिनेछ । सूचि प्रकाशनमा कुनै त्रुटी भएको पाइएमा **२०८३/०६/१३ गते बेलुका ०४:३० बजे सम्ममा संशोधित सूची प्रकाशन** गरिनेछ ।

यस क्याम्पसमा भर्ना गर्न भौतिक रुपमा उपस्थित हुन नसक्ने आवेदकहरुको लागि क्याम्पस भर्ना समितिको **E-mail: admission@ioecc.edu.np** मा **आवश्यक कागजातहरुका साथ Online Payment Slip or Bank Voucher** संलग्न गरी पठाएर पनि भर्ना गर्न सकिने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**चौँथो सूचिबाट विद्यार्थी भर्ना गर्ने तालिका :**

| सि.नं. | कार्यक्रम | भर्ना हुने मिति | समय |
|---|---|---|---|
| १. | आर्किटेक्चर | २०८३ असोज १४ गते | बिहान ११:०० बजेदेखि दिउँसो ०२:०० बजेसम्म |

**नोट :आवेदक आफैं वा आफ्नो प्रतिनिधि मार्फत भर्ना हुनुपर्नेछ ।**

## भर्ना हुन आँउदा दाखिला गर्नुपर्ने रकम र अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु

भर्ना हुन आउँदा अनिवार्य रुपमा निम्नानुसारको शुल्क तल उल्लेखित बैंकमा दाखिला गरी भौचरको सक्कल प्रति लिई आउनुपर्नेछ ।

| सि.नं. | कार्यक्रम | पूर्णशुल्किय |
|---|---|---|
| १. | आर्किटेक्चर | २,१८,०७०|- |

भर्नाको लागि तपशीलको बैंक र खातावालाको नाममा भर्नाको रकम दाखिला गर्नुपर्नेछ ।

- **बैंकको नाम : नेपाल बैंक लिमिटेड, रामपुर शाखा, चितवन**
- **बैंक खाता नं. : ०८५००१०६७२३२८००००००४**
- **खातावालाको नाम : चितवन इन्जिनियरिङ्ग क्याम्पस**

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
**चितवन इन्जिनियरिङ्ग क्याम्पस**
**CHITWAN ENGINEERING CAMPUS**

Bharatpur Metropolitan City - 15
Tel: 977-056-591847
admission.ioecc.edu.np
E-Mail: admission@ioecc.edu.np
भरतपुर महानगरपालिका-१५, रामपुर
फोन:- ०५६-५९१८४७

**भर्ना हुँदा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
- **नेपाली नागरिकताको प्रमाणपत्र**को सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति
- यस क्याम्पसमा आवेदन दिँदाको **Priority Application Confirmation Page १ प्रति**
- एस.ई.ई.(SEE) वा सो सरहको परीक्षाको लब्धांङ्क पत्र **(Grade Sheet)**, सम्बन्धित बोर्डले प्रदान गरेको शैक्षिक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति
- उच्च माध्यामिक तह (+२/ए लेभल) मा भौतिक शास्त्र, रसायन शास्त्र तथा गणित विषय लिई भौतिक विज्ञान समुह वा दुवै पत्र गणित लिई जीव विज्ञान समुह वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कुल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत **तथा Letter Grading भएमा सबै विषयको Final Grade मा न्यूनतम C Grade** प्राप्त गरी **उत्तीर्ण गरेको लब्धाङ्क पत्र** (**Transcript**), सम्बन्धित बोर्डले प्रदान गरेको **शैक्षिक प्रमाणपत्र** (**Provisional Certificate**) र **चारित्रिक प्रमाणपत्रको** (**Character Certificate**) र ए लेभलको हकमा समकक्षता प्रमाणपत्र सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- त्रि.वि. वाहेक अन्य परीक्षा बोर्ड बाट १०+२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्बन्धित बोर्डको **माइग्रेसन सर्टिफिकेटको** (**Migration Certificate**) **सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति** ।
- **त्रि.वि. मा दर्ता भईसकेका विद्यार्थीको हकमा त्रि.वि. दर्ता कार्डको प्रमाणित प्रतिलिपि १ प्रति ।**

**द्रष्टव्यः**

१. "प्रमाणित प्रतिलिपि" भन्नाले विद्यार्थी स्वयम्ले प्रत्येक प्रतिलिपिको पछाडी "**सक्कल बमोजिम नक्कल ठीक छ, फरक परेमा कानून बमोजिम सजाय भोग्न तयार छु**" भनि गरेको सहीलाई मानिनेछ ।

२. भर्ना सूचीको लागि तोकिएको दिनहरुमा आकस्मिक विदा पर्न गएमा पनि भर्ना तथा अन्य कार्यक्रम यथावत् रहनेछ ।

३. भर्ना सूचीमा नाम प्रकाशन भई तोकिएको समयमा भर्ना नहुने आवेदकहरुको नाम आवेदकको सूचीबाट हटाइनेछ र पछि प्रकाशन हुने सूचिहरुमा समावेश गरिने छैन ।

४. त्रि.वि. बाहेक अन्य बोर्डबाट प्रमाण पत्र तह तथा उच्च माध्यामिक तह, इन्जिनियरिङ्ग डिप्लोमा वा सो सरहको परीक्षा उत्तीर्ण भई आएको आवेदकको नाम प्रकाशित भइ त्रि.वि. बाट मान्यता दिएको नपाइएमा वा कुनै आवेदकको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको सक्कल प्रमाणपत्रहरु तथा अन्य विवरण रुजु गर्दा फरक परी नाम प्रकाशित भई भर्ना भैसकेको भएता पनि त्यस किसिमको आवेदकहरुको भर्ना स्वतः रद्द हुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

भर्ना समिति-२०८३
इ.अ.सं., चितवन इन्जिनियरिङ्ग क्याम्पस